**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ३० अगस्त २०२३

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

१. जीटिए द्वारा ११ दिने भाषा मान्यता दिवसको भोली समापन हुनेछं नेपाली भाषा र अंग्रेजी भाषा दुवैमा काम काज गरिने आदेश पनि जीटिए ले जारी गरिसकेको छ।

२. आर.जी कर अस्पताल काण्डको विरोधमा भाजपा महिला मोर्चाले आज कोलकातामा विरोध प्रदर्शन गऱ्यो। अर्को घटनाक्रममा सीबीआई अधिकारीहरू आज पनि आर.जी कर कलेज अस्ताल गएर केरकार गरेका छन्।

३. प्रधानमंत्री नरेन्द्र मोदीले भोली नयाँ दिल्ली स्थित भारत मण्डपममा जिल्ला न्यापलिकाको राश्ट्रिय सम्मेलनको उद्घाटन गर्नुहुनेछ।

४. उपराष्ट्रपति जगदीप धनखड़ले भन्नुभएको छ महिलाहरूलाई पूर्णरूपले सामेल नगरिए सम्म देशले अपेक्षित विकास हासिल गर्न सक्तैन।

५. भारतीय सेनाको पूर्वी कमानले आफ्नो वीर जवान मेजर लिल बहादुरलाई श्रदाजंली अर्पित गरेको छ।

**नेपाली भाषा मान्यता दिवस**

२० तारिख अगस्त दिख शुरू भएको नेपाली भाषा मान्यता दिवस समारोह भोली ३१ तारिख गोर्खारंग मंच भवनमा समापन आयोजित गरिएको छ। यस कार्यक्रमा मुख्य अतिथिको रूपमा जीटिए का मुख्य कार्यपाल अनित थापा रहनुहुनेछ भने विशिष्ट अतिथिहरूको रूपमा जीटिए सभाका अध्यक्ष अंजुल चौहान, उपाध्यक्ष राजेश चौहान ,जीटिए प्रधाल सचिव आई.ए.एस विजय भारती दार्जीलिङ जिल्ला शासक ड़ा. प्रती गोयल, दार्जीलिङ पुलिस अधिक्षक , आईपीएस प्रवीण प्रकाश सहित कैयौं वरिष्ठ साहित्यकारहरूको उपस्थित रहनेछ। स्मरण रहोस जीटिए द्वारा भाषा मान्यता दिवसको ३३ औ वर्षगाठमा विगत २० अगस्त देखि जीटिए क्षेत्रभरि विभिन्न कार्यक्रमहरू आयोजित गरेको थियो। जसमा निबन्ध प्रतियोगिता र भाषाको प्रचार प्रसार अनि समर्पणमा महत्वपूर्ण योगदान दिने व्यक्तित्वहरूलाई सर्म्वदना जनाइयो । कालेबुङ , गोरूबथान, सिलगड़ी , मिरिक खरसांग र दार्जीलिङ लगायत डुर्वसमा पनि यस वष्र वृहत रूपमा भाषा मान्यता दिवस पालन गरियो। नेपाली भाषाको संरक्षण तथा सम्वर्दनाका लागि सिक्किमका मुख्यमंत्री पी.एस गाले ले साथै जी.टि.ए का प्रमुख कार्यपाल अनित थापाले आ–आफ्ना क्षेत्रमा सरकारी कामकाजमा नेपाली भाषालाई अनिवार्य रूपमा प्रयोग गर्ने आदेश जारी गरेका छन् भने अर्कोतर्फ विभिन्न सरकरी संघ संस्थाहरूले पनि सरकारी तथा निजी कार्यालय तथा विध्यालयहरूमा बढ़ी भन्दा बढ़ी मात्रामा नेपाली भाषाको उपयोग गत्रे आवहान गरेका छन्।

****** ० ******

**कालेबुङ- भाषा मान्यता स्मृति दिवस**

नेपाली साहित्य अध्ययन समितिद्वारा भाषा मान्यता स्मृति दिवस विविध कार्यक्रमको साथ रामकृष्ण रङ्गमञ्च भवनमा पालन गरियो १ जोक चाम्लिङको सभापतित्वमा सम्पन्न कार्यक्रममा एल बि कुमाई मुख्य अतिथिका रुपमा उपस्थित रहेका थिए भने सामाजिक कार्यकर्ता विक्रम राई विशिष्ट अतिथिको रुपमा उपस्थित थिए। यस अवसरमा समितिका मुल सचिव बलभद्र शर्माले भाषा मान्यता दिलाउन योगदान दिएका भाषा संग्रामीहरुलाई स्मरण गर्दै यसको प्रयोगमाथि जोर दिनुभयो । कार्यक्रममा नेपाली भाषाको विकासमा र समाजिक सेवाको निम्ति विक्रम राईलाई सम्मान जनाईयो ।

****** ० ******

**बीजेपी प्रोटेस्ट**

भारतीय जनता पार्टीको महिला विंगले आज कोलकाताको आर.जी कर अस्पताल काण्डको विरोधमा राज्य कोलकाता आज ठूलो विरोध प्रदर्शन गर्दै रिजेडेन्ट डाक्टरहाक लबातकारी र हत्यारालाई मुख्यमंत्री ममता व्यनर्जीले बचाई रहेको आरोप लागाउँदै पीड़िताले चाँड़ै न्याय दिने मांग गरेको छ।

****** ० ******

**आर.जी. कार मेडिकल कलेज-सीबीआई**

आरजी कर मेडिकल एव अस्पतालमा आज पुनः एक पटक सीबीआई अधिकारी हॉस्पिटल पुगेको छ। यस भन्दा अघि पनि सीबीआई टोली लै अस्पतालको आपतकालीन बिभागको भवनमा पनि जाच गरेका थिए। हिज सीबीआईका अधिकारीहरूले अस्पतालको मोर्चाको पनि भ्रमण गरेका थिए भने आज दिउँसो सीबीआईका केही जाच अधिकारी प्राचार्य का अस्पताल पुगेका थिए र पहिले प्रिन्सिपलको कार्यालय भवनमा पुगेका थिए।। स्मरण गराइन्छ, गत ९ अगस्तको बिहान आर जी कार मेडिकल कलेजको आपतकालीन बिभाग को चौथो तल्लाको सेमिनार हलबाट एक चिकित्सकको शव फेला परेका थिए।

****** ० ******

**शिक्षक दिवस शिक्षा रत्न सम्मान**

**शिक्षक दिवसको अवसरमा राज्य सरकारले शिक्षा क्षेत्रमा उल्लेखनीय योगदान पुर्याउने शिक्षकहरुलाई सम्मान गर्दै आएको छ। यस वर्ष पनि ५ सितम्बर शिक्षक दिवसको अवसरमा कोलकाताको विश्व बङ्गला मेला परिसरमा अभिनन्दन समारोह आयोजना गरिनेछ। यस पटक शिक्षा रत्न २०२४ का लागि दार्जीलिंग जिल्लाबाट मिरिक थर्नू उच्चत्तर माध्यमिक बिद्यालयका सह शिक्षक निर्मल सिंगरलाई प्रदान गरिने भएको छ। यसरीनै जलपाईगडी जिल्लाको नगरकट्टा राज्य योजना प्राथमिक विद्यालयका प्रधानाध्यापक सुभोजित दत्तलाई चयन गरिएको छ जानकारी प्राप्त भएको छ**

**खर्सांग - लामाको अन्तिम संस्कार**

खर्साङको बेद्धमान रोड स्थित टासी छोलिङ गुम्बाका मुख्य लामा कुसो लाक्पालाको अन्तिम संस्कार आज बिधि-बिधानको साथ गरिएको छ। घुम स्थित सामदेन छोलिङ गुम्बाबाट उहाँको शवलाई आज बिहान ८.३० बजी निकालिएका थिए। उहाँको निधन गत २५ अगस्तको दिन ६१ वर्षको उमेरमा भएको थियो। स्व. लामा टासीछोलिङ गुम्बाका बरिस्ठ लामा हुनुहुन्थ्यो। शव यात्रामा लामाहरु, उनका अनुयायी, अनि क्षेत्रका बिशिस्ट नागरिकहरु उपस्थित थिए। ज्ञात रहोसए स्व. लामा खर्साङको बेद्धमान रोड स्थित टासीछोलिङ गुम्बाको देखरेखमा धेरै वर्षदेखि सर्वस्व समर्पित गरी बस्नुभएको थियो।

****** ० ******

**मिरिक रोड रनर्स - 10K रन**

मिरिक रोड रनर्सको आयोजनामा आगामी ६ अक्टोबरको दिन हिल १० के रन को दोस्रो संस्करण सम्पन्न हुने भएको छ। धावकहरुले मिरिकको प्राकृतिक सुन्दरताको दृश्यवलोकन सहित साहसिक अनुभव गर्नको लागी यो दौड ठुलो अवसर रहेको आयोजक समितिले बताएको छ। मिरिक पर्यटन केन्द्रको निधारित स्थानबाट शुरु हुने यस दौडको शुरुवात बिहान ६ बजे देखि हुनेछ। आयोजक समितिका सचिव निर्मल सिंगरले दौडलाई बिभिन्न बर्गमा बाडिएको र पंजीकरण शुरु भएको जानकारी दिनुभएको छ।

****** ० ******

**खर्सांग – शहर कमिटि सल्लाहकार नियुक्ति**

खर्सागको २८ नम्बर चिमनी देवराली समष्टिका सभासद श्याम शेर्पालाई खरसाङ शहर कमिटिका प्रमुख सल्लाहकार नियुक्त गरिएको छ। भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चा खरसाङ शहर कमिटिलाई सांगठनिक रूपमा अघि बढाउन हेतु खरसाङ महकुमा समितिका मूल सचिव प्रणाम रसाइलीले शहर कमिटिका सदस्यहरुको उपस्थितिमा सभासद श्याम शेर्पालाई प्रमुख सल्लाहकारको रूपमा नियुक्ति पत्र प्रदान गरेको जानकारी प्राप्त भएको छ १

****** ० ******

**प्रधानमंत्री नरेंद्र मोदी राष्ट्रीय सम्मेलन**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि नयाँ दिल्लीस्थित भारत मण्डपममा जिल्ला न्यायापालिकाको राष्ट्रिय सम्मेलनको उद्घाटन गर्नुहुनेछ । यस अवसरमा प्रधानमन्त्री मोदीले सर्वोच्च न्यायालय स्थापना भएको ७५ वर्ष पुगेको उपलक्ष्यमा डाक टिकट र सिक्का जारी गर्नुहुनेछ । सर्वोच्च न्यायलयले आयोजना गर्ने दुईदिवशीय सम्मेलनमा जिल्ला न्यायपालिकाको पूर्वाधारए समावेशी अदालतए न्यायिक सुरक्षाएप्रशिक्षण लगायत पाँच वटा सत्र हुनेछन् । समारोहमा भारतका मुख्य न्यायाधीशए केन्द्रीय कानून तथा न्याय मन्त्री तथा अटर्नी जनरलको पनि उपस्थिति रहने छ ।

****** ० ******

प्रधानमन्त्री – बन्दे भारत

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि भिडियो कन्फरेन्स मार्फत तीन वटा वन्दे भारत रेललाई हरियो झण्डा देखाउनुहुनेछ। श्मेक इन इन्डियाश र आत्मनिर्भर भारतको परिकल्पनालाई साकार पार्दै अत्याधुनिक वन्दे भारत एक्सप्रेसले मेरठ–लखनउए मदुरै–बेंगलुरु र चेन्नई–नागरकोइल गरी तीन रुटमा सम्पर्क सुधार गर्नेछ । यी नयाँ वन्दे भारत ट्रेनहरूले मानिसहरूलाई यात्राको विश्वस्तरीय साधनहरू प्रदान गर्नेछस तीन राज्यहरूए उत्तर प्रदेशए तमिलनाडु र कर्नाटकलाई सेवा प्रदान गर्दा गति र सुबिधा प्रदान गर्दछ। यी वन्दे भारत एक्सप्रेस ट्रेनहरूको परिचयले नियमित यात्रीहरूए पेशेवरहरूए व्यवसायहरू र विद्यार्थी समुदायको आवश्यकताहरू पूरा गर्न रेल सेवाको नयाँ मानकको शुरुवात गर्नेछ।

****** ० ******

**उपराष्ट्रपति जगदीप धनखड़-महिला**

उपराष्ट्रपति जगदीप धनखड़ले महिलाहरूले विकासमा भाग नलिने हो भने देशले अपेक्षित विकास हासिल गर्न नसक्ने बताउनु भएको छ । दिल्ली विश्वविद्यालयको भारती कलेजमा आज आयोजित श्विकसित भारतमा महिलाहरुको भूमिकाश विषयक सत्रलाई सम्बोधन गर्दै उहाँले यो धारणा व्यक्त गर्नुभएको हो। श्री धनखडले भन्नुभएको छ - विकसित भारत निर्माणमा महिलाहरूको महत्त्वपूर्ण भूमिका रहेको छ। कोलकातामा भएको बलात्कार र हत्याको घटनाप्रति दुःख व्यक्त गर्नुहुदै उप राष्ट्रपतिले महिला र बालिकाहरुले सुरक्षित महसुस नगर्ने समाज सभ्य समाज नभएको बताउनु भएको छ । उहाँले भारत परिपक्वए परिष्कृत र औपचारिक अर्थतन्त्र बन्ने दिशामा तीव्र गतिमा अघि बढिरहेको बताउनु भएको छ । उपराष्ट्रपति धनखडले शौचालय घर, एलपीजी कनेक्सनए धाराको पानी जस्ता आधारभूत सुविधाले जनताको जीवनस्तरमा सुधार ल्याएको बताउनु भएको छ ।

****** ० ******

सरलीकृत पेंशन आवेदन.पत्र

पेन्सनभोगीहरूको लागि प्रक्रियालाई सरल बनाउनको लागि, सरकारले आज एकल सरलीकृत पेन्सन आवेदन फारम र ई-एच.आर.एम.एस.सँग भविष्य पोर्टलको डिजिटल एकीकरण जारी गरेको छ। कार्मिक, जनगुनासो एवं पेन्सन राज्यमन्त्री डा. जितेन्द्र सिंहले नयाँ दिल्लीमा भिडियो कन्फरेन्समार्फत यी अद्वितीय उपायहरूको शुभारम्भ गर्नुभएको छ स यस अवसरमा डा सिंहले जीवनयापनमा सहजता ल्याउन सरकार प्रतिबद्ध रहेको बताउनु भएको छ । सरलीकृत पेन्सन आवेदन फारम र भविष्यमा ई-एच.आर.एम.एस.सँग डिजिटल एकीकरणले पेन्सनभोगीहरूको लागि प्रक्रियालाई सरल बनाउन मद्दत गर्ने उहाँले बताउनु भएको छ ।

****** ० ******

**भारतीय सेना – मेजर लिल बहादुर गुरुङ**

**भारतीय सेनाको पूर्वी कमाण्डले मार्च १९७२ मा भएको एउटा युद्धमा बहादुरीका लडेर आफ्नो जीवन को आहुती दिने मेजर लिलबहादुर गुरुङलाई स्मरण गरेको छ । भारतीय सेनाले १९मार्च १९७२: महर रेजिमेन्टको बटालियनका कमान्डिङ अफिसर मेजर लिलबहादुर गुरुङले पूर्वी सेक्टरमा शत्रुको चौकीमा आक्रमण गर्दा अनुकरणीय साहस र नेतृत्व प्रदर्शन गरेको उल्लेख गरेका छन् ।**

**नेपाल -पर्यटन पुरस्कार**

नेपाल पर्यटन बोर्डले सस्टेनेबल टुरिजम फर लाइभलिहुड रिकभरी प्रोजेक्ट (एस.टी.एल.आर.पी) श्रेणीमा प्यासिफिक एसिया ट्राभल एशोसिएसन (पाटा) स्वर्ण पुरस्कार प्राप्त गरेको छ। समुदायमा आधारित पर्यटनमा नेपाल पर्यटन बोर्डले तेस्रो पटक पाटा अवार्ड प्राप्त गरेको हो। यो पुरस्कारले नेपालका सातै प्रदेशमा पर्यटन रोजगारीको अवसर सिर्जना गर्न र दिगो पर्यटन विकासमा परियोजनाले गरेको प्रयासको कदर गर्दछ।

****** ० ******

विदेशमन्त्री एस जयशंकर-पाकिस्तान

विदेशमन्त्री एस जयशंकरले पाकिस्तानसँगको निर्बाध वार्ताको युग समाप्त भएको बताउनु भएको छ । श्री जयशङ्करले नयाँ दिल्लीमा आयोजित एक पुस्तक विमोचन समारोहमा यस आशयको जानकारी दिनुभएको छ । उहाँले पाकिस्तानसँग व्यवहार गर्ने सन्दर्भमा भारत निष्क्रिय नभएको र घटनाक्रमले सकारात्मक वा नकारात्मक दिशा लिए पनि नयाँ दिल्लीले प्रतिक्रिया दिने बताउनु भएको छ । उहाँले जम्मू–कश्मीरमा धारा ३७० लागू भएको पनि बताउनु भएको छ ।

****** ० ******